श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१६ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद् ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम् ।

## प्राथमिक र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः- नेपाल अधिराज्यका विभिन्न वर्ग, जाति र क्षेत्रका जनताको सुसम्बन्ध र नागरिकहरूको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न शिक्षालयहरूको स्थापना र सञ्चालन, तिनमा दिइने शिक्षाको रूप र स्तर तथा शिक्षालयहरूको नियन्त्रण र निदशनसमेतको व्यवस्था गरी प्राथमिक र माध्यमिक शिक्षाको सर्वाङ्गीण विकास गर्नु वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, र विस्तार प्रारम्भः- (१) यस ऐनको नाम शिक्षा ऐन, २०१६ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेका मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा--

(क) प्राथमिक पाठशाला भन्नाले साधारणतया एकदेखि ५ कक्षासम्ममा शिक्षण कार्य विभाजित भएको प्राथमिक शिक्षा सम्बन्धी शिक्षालय सम्झनु पर्छ ।

(ख) माध्यमिक शिक्षालय भन्नाले साधारणतया छदेखि एघार कक्षासम्ममा शिक्षण कार्य बिभाजित भएको माध्यमिक शिक्षा सम्बन्धी शिक्षालय सम्झनु पर्छ ।

(ग) शिक्षालय भन्नाले प्राथमिक पाठशाला, माध्यमिक विद्यालय र सो सरहको व्यावसायिक वा बहुमुखी शिक्षण संस्थासमेत सम्झनु पर्छ ।

 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पञ्चायती शिक्षालय भन्नाले ग्राम पञ्चायत वा नगर पञ्चायतले र नगर पञ्चायत नभए नगर पालिकाले खोल्ने वा चलाउने शिक्षालय सम्झनु पर्छ ।

(ङ) सरकारी शिक्षालय भन्नाले श्री ५ को सरकारले खोल्ने वा चलाउने शिक्षालय सम्झनु पर्छ ।

(च) शिक्षक भन्नाले प्राथमिक पाथठशालाको मुख्य अध्यापक, माध्यमिक विद्यालयको प्रधानाध्यापक र जुनसुकै शिक्षालयको अन्य अध्यापकसमेत सम्झनु पर्छ ।

(छ) शिक्षा बोर्ड भन्नाले दफा ८ (१) बमोजिम स्थापित बोर्ड सम्झनु पर्छ ।

(ज) एस. एल. सी. परीक्षा भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(झ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियम-द्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. शिक्षालय खोल्ने र त्यसको मान्यताः– (१) श्री ५ को सरकारबाहेक अरूले शिक्षालय खोल्न चाहेमा तोकिएको अधिकारीको अनुमति लिनुपर्छ ।

(२) उपदफा (१) अनुसार अनुमति लिई खोलिएको शिक्षालयलाई तोकिए बमोजिम सरकारी मान्यता प्राप्त हुन सक्ने छ ।

४. शिक्षालयको सञ्चालनः– (१) सरकारी शिक्षालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(२) पञ्चायती शिक्षालयको सञ्चालन गर्ने अधिकार सम्बन्धित पञ्चायतलाई वा तोकिएको रीत पुर्‍याई सम्बन्धित पञ्चायतले खडा गरेको सञ्चालक समितिलाई हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएबाहेकका शिक्षालयको सञ्चालन गर्ने अधिकार तोकिए बमोजिम गठन भएको सञ्चालक समितिलाई हुनेछ ।

(४) जुनसुकै सरकारी शिक्षालयलाई सम्बन्धित पञ्चायतले आफ्नो हातमा लिई चलाउन चाहेमा र तोकिएको अधिकारीले सो शिक्षालय चलाउने क्षमता सम्बन्धित पञ्चायतमा भएको ठहराएमा तोकिएको शर्तमा श्री ५ को सरकारका-तर्फबाट सम्बन्धित पञ्चायतलाई हस्तान्तरित गरी दिनसक्ने छ ।

५. शिक्षालयको पाठ्यक्रम, पाठ्य पुस्तक, सहयोगी कार्यक्रम र एस. एल. सी परीक्षाः– (१) प्रत्येक शिक्षालयले शिक्षा बोर्डबाट स्वीकृति पाठ्यक्रम, पाठ्य पुस्तक र सह-योगी कार्यक्रम अपनाउन पर्नेछ ।

(२) एस. एल. सी. परीक्षाको नियन्त्रण र परिचालन शिक्षा बोर्डद्वारा गरिने छ ।

९६९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. शिक्षालयको माध्यमः– प्रत्येक शिक्षालयमा शिक्षाको माध्यम नेपाली भाषा हुनेछ तर पाठ्यक्रमको तोकिएको कुनै विषयको शिक्षण र परीक्षा नेपाली भाषाबाहेक अरू भाषामा तोकिए बमोजिम हुन सक्ने छ ।

७. निःशुल्क र अनिवार्य प्राथमिक शिक्षाको व्यवस्थाः– (१) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको कुनै क्षेत्रका केही वा सबै प्राथमिक पाठशालाहरूमा सोही सूचनाद्वारा तोकेका मितिदेखि निःशुल्क शिक्षा दिने आदेश जारी गर्न सक्तछ ।

(२) उपदफा (१) अन्तर्गत निःशुल्क शिक्षा दिने आदेशका साथसाथै वा सो भएपछि त्यस क्षेत्रका तोकिएको अवस्थामा बालक र बालिकालाई निजका बाबु, आमा वा अन्य अभिभावकले शिक्षा निरीक्षकबाट निर्दिष्ट प्राथमिक पाठशालामा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेका मितिदेखि अनिवार्य रूपमा पठाउनपर्ने आदेश जारी गर्न सक्तछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षा बोर्डसंग परामर्श नगरी र सरकारी शिक्षालयबाहेक अरू शिक्षालयको सञ्चालन गर्ने अधिकारीको सल्लाह नलिई यो दफा अन्तर्गत आदेश जारी गरिने छैन ।

८. शिक्षा बोर्डको स्थापनाः– (१) प्राथमिक र माध्यमिक शिक्षा सम्बन्धी नीति निर्धारणमा श्री ५ को सरकारलाई सहायता दिन, सो निर्धारित नीतिलाई यो ऐन बमोजिम कार्यान्वित गर्न गराउन र तत्सम्बन्धी प्रशासनको रेखदेख र नियन्त्रण-समेत गर्न श्री ५ को सरकारबाट शिक्षा बोर्ड नाम भएको एउटा केन्द्रीय बोर्डको स्थापना हुनेछ जसमा श्री ५ को सरकारबाट मनोनीत एक जना सभापति र बढीमा ४ जना सदस्यहरू रहनेछन् ।

(२) शिक्षा बोर्डले तोकिए बमोजिम स्थानीय शिक्षा बोर्डहरूको गठन गर्न सक्ने छ ।

(३) शिक्षा बोर्डको स्थापना भएपछि शिक्षा विभाग कायम रहने छैन र श्री ५ को सरकारबाट अर्को व्यवस्था नभएमा त्यस विभागका डाइरेक्टर शिक्षा बोर्डको सचिव र सो विभागका अन्य सरकारी कर्मचारी शिक्षा बोर्डको सचिवालयका समान पदका सरकारी कर्मचारी हुनेछन् ।

(४) शिक्षा बोर्डले यो ऐन वा अन्य प्रचलित नेपाल कानून बमोजिमको आफ्नू अधिकार र कर्तव्य तोकिएको शर्तका अधीनमा रही तोकिएको अधिकारीलाई सुम्पन सक्ने छ ।

९. शिक्षा बोर्डको अधीनमा संस्था र अफिसः– सबै शिक्षालय, स्थानीय शिक्षा बोर्ड र शिक्षा निरीक्षक अफिस तोकिए बमोजिम शिक्षा बोर्डका अधीनमा रहने छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. श्री ५ को सरकारले शिक्षा बोर्डलाई निर्देशन दिने :– राष्ट्र हितलाई ध्यानमा राखी श्री ५ को सरकारले समय समयमा शिक्षा बोर्डलाई आवश्यक निर्देशन दिन सक्ने छ र सो निर्देशन बमोजिम चल्नु शिक्षा बोर्डको कर्तव्य हुनेछ ।

११. सजाय:– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेश उल्लङ्घन गरेमा तोकिएको अधिकारीले तोकिएको अवस्थामा देहाय बमोजिम सजाय गर्न सक्तछ ।

(क) कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई शिक्षालय वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) जुनसुकै व्यक्तिलाई बढीमा एक सय रुपैयाँसम्म जरिवाना गर्ने,

(घ) सरकारी शिक्षालयबाहेक अरू शिक्षालयलाई सरकारी मान्यता नदिने वा दिएको झिक्ने वा सरकारी सहायता रोक्ने, घटाउने वा बन्द गर्ने,

(२) उपदफा (१) मा लेखिएको कुनै कुराले अन्य प्रचलित नेपाल कानून बमोजिम अदालतमा मुद्दा चल्न सक्ने कुरालाई बाधा पुऱ्याएको मानिने छैन ।

१२. अपील:– दफा ११ को उपदफा (१) बमोजिम कुनै सजाय गर्ने गरी भएको निर्णय उपर तोकिएको अवस्थामा तोकिएको अधिकारी छेउ अपील लाग्न सक्ने छ र त्यसमा अपील सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

१३. नियम बनाउने अधिकार:– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी सो नियमहरूद्वारा खास गरी देहायका कुराको व्यवस्था हुन सक्छ:—

(क) शिक्षालय खोल्ने अनुमति,

(ख) शिक्षालयको सरकारी मान्यता,

(ग) शिक्षालयको झण्डा, चिह्न र प्रार्थना,

(घ) विद्यार्थीहरूलाई लाग्ने शुल्क र सो असूल गर्ने तरीका,

(ङ) शिक्षालयलाई दिने सरकारी सहायता,

(च) सञ्चालक समितिको गठन, अधिकार र कर्तव्य,

(छ) पञ्चायतलाई सरकारी शिक्षालयको हस्तान्तरण,

(ज) शिक्षालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सहयोगी कार्यक्रमको निर्धारण,

(झ) सहशिक्षाको शर्त बन्देज,

(ञ) निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा ग्रहण गर्नु पर्ने बालक बालिकाको अवस्था,

(ट) शिक्षालयको आवधिक र वार्षिक परीक्षा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) एस. एल. सी परीक्षा,
(ड) शिक्षालयका कर्मचारीहरूको बहाली, बर्खासी र सेवा सम्बन्धी अन्य शर्त,
(ढ) शिक्षक शिक्षणको कार्यक्रम,
(ण) मुख्य अध्यापक वा प्रधानाध्यापकको अधिकार र कर्तव्य,
(त) शिक्षालयमा विद्यार्थी भर्ना गर्ने तरीका र तिनको संख्या,
(थ) छात्रावास चलाउने तरीका,
(द) पुस्तकालयको उपयोग,
(ध) शिक्षालयको किताब बही र अन्य कागजपत्र तयार गर्ने र राख्ने विषय,
(न) शिक्षालयको आम्दानी खर्चको जाँच ,
(प) शिक्षालयको निरीक्षण र तत्सम्बन्धी रिपोर्ट,
(फ) शिक्षा बोर्ड र शिक्षा निरीक्षकहरूको प्रशासकीय र आर्थिक अधिकार,
(ब) शिक्षा बोर्डका सभापति र सदस्यहरूको सेवा शर्त,
(भ) शिक्षा बोर्डको कार्य प्रणाली,
(म) स्थानीय शिक्षा बोर्डको गठन, अधिकार र कर्तव्य,
(य) सजाय र अपील सम्बन्धी कार्यविधि,

१४. खारेजीः– यी ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशमा लेखिएको कुरासंग बाझिनेजति नेपाल कानून खारेज भएको वा यस ऐनसंग मिल्ने गरी संशोधन भएको मानिने छ ।

१५. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निष्क्रय भएमा यस ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरेको सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्वत् २०१६ साल गते रोज शुभम् –

लालमोहर सदर मितिः २०१६।४।१०।४.

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।